# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

**भरतपुर, चितवन**

**आन्तरिक लेखापरीक्षण कार्यको लागि शिलवन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको**

## सूचना ! (प्रकाशन मिति:२०८१/०२/१७)

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको सम्पूर्ण आर्थिक कारोवार, अस्पतालले सञ्चालन गरेको नर्सिङ्ग कार्यक्रम तथा फार्मेशी, स्वास्थ्य वीमा कार्यक्रम साथै विपन्न नागरिक आर्थिक सहायता कोषको आ.व. २०८०/८१ को आन्तरिक लेखापरीक्षण कार्यको लागि खुल्ला प्रतिस्प्रर्धाबाट लेखापरीक्षक छनौट गरी कार्य गराउनु पर्ने भएको हुँदा नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट पेशागत प्रमाणपत्र लिई ५ (पाँच) वर्ष वा सो भन्दा वढी कार्य अनुभव भएका चार्टर्ड एकाउण्टेण्टस् फर्मबाट शिलवन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको छ।

**आन्तरिक लेखापरीक्षणको लागि शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने चार्टर्ड एकाउण्टेण्टस् फर्मको निम्न बमोजिम योग्यता, अनुभव तथा कागजात हुनु पर्नेछः**

१ नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट CA फर्मको रूपमा दर्ता भई कम्तिमा ५ (पाँच) वर्षको अनुभवको पेशागत प्रमाण पत्र नविकरण सहितको अनुभव हुनु पर्नेछ।

२ CA फर्मको जनशक्तीमा प्रमुख जनशक्तिको (२ जना) कम्तिमा ५ बर्षको अनुभव भएको हुनुपर्ने छ भने अन्य (५ जना) CA र CA Final दक्ष जनशक्ती पनि हुनु पर्नेछ सोको प्रमाण समेत पेश गर्नुपर्नेछ ।

३ CA फर्मले नेपाल सरकार वा नेपाल सरकार मातहतको संस्था, संगठित निकाय, संस्था तथा नीजि क्षेत्रको ब्यावसायिक संस्थाहरूको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गरेको कार्यानुभव हुनु पर्नेछ।

४ CA फर्मले प्राविधिक प्रस्तावमा फर्मको अनुभव, जनशक्तीको योग्यता र अनुभवको विवरण, लेखापरीक्षण गरेको विवरण, संपादन गर्नुपर्ने कार्यको विवरण, तरिका, समय तालिका आदि स्पष्ट उल्लेख गरि पेश गर्नु पर्नेछ।

५ CA फर्म दर्ता, नियमानुसार फर्म नविकरण तथा मु.अ.करमा दर्ता भई आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ।

६ प्राविधिक प्रस्ताव १०० अङ्कको हुनेछ भने प्राविधिक प्रस्तावको उतिर्णाङ्क ७० प्रतिशत हुनेछ। प्राविधिक प्रस्तावमा उतिर्ण हुनेको मात्र आर्थिक प्रस्ताव खोलिने तथा सोको जानकारी गराईने छ। साथै प्राविधिक प्रस्तावमा असफल हुने प्रस्तावदाताको आर्थिक प्रस्ताव फिर्ता लैजान निवेदन दिएमा फिर्ता गरिनेछ।

७ उल्लेखित लेखापरिक्षण सम्बन्धी प्रस्ताव सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७४ को उपनियम ३ तथा बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल खरिद नियमाबली, २०७९ को नियम ७९ को उपनियम ३ बमोजिम न्यून लागत विधी अन्तर्गत मुल्याङ्कन गरिनेछ।

८ नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाको निर्देशन अनुसार गत वर्षको लेखापरीक्षण गराउँदा वार्षिक लेखापरीक्षण शुल्क र अन्य खर्च वापत मु.अ.कर बाहेक एकमुष्ट रू. ६,००,०००.०० (छ लाख मात्र) भुक्तानी गरिएको छ।

९ अस्पतालले लेखापरिक्षणको लागि खटिएको जनशक्तिको लागि खाना र आवासको व्यवस्था अस्पताल परिसर भित्र गर्नेछ।

माथि उल्लेखित योग्यता पुगेका CA फर्महरूले सूचना प्रकाशित पश्चात मिति २०८१/०२/३२ गते १२ बजे भित्र शिलबन्दी रुममा यस अस्पतालमा प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नहुन आव्हान गरिएको छ। लेखापरीक्षणमा गर्नुपर्ने कार्यको सेवाका शर्तहरू (Terms of Reference) अस्पतालको वेभ साईट **www.bpkmch.org.np** बाट download गरि प्राप्त गर्न सकिनेछ। नियमानुसार प्राप्त भएका प्राविधिक प्रस्तावहरू मिति २०८१/०२/३२ गते दिंउसो २ बजे समयमा (उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट वा लगत्तै कार्यालय खुलेको दिनमा) खोलिने छ।

कार्यकारी निर्देशक

# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

## आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखापरीक्षण कार्यको सेवाका शर्तहरू

(Terms of References)

१. यस अस्पताल अन्तर्गत नेपाल सरकारको श्रेष्ता प्रणाली अनुसार आर्थिक वर्ष २०८०/८१ मा राखिएको सम्पूर्ण हिसाव/श्रेष्तालाई चौमासिकरूपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरि लेखापरीक्षण क्रममा दिखिएका त्रृटि, बेरूजु, कैफियत साथै राय सुझावहरू समेत समावेश गरि आन्तरिक लेखापरीक्षणको प्रतिवेदन पेश गर्ने। साथै यसका अतिरिक्त अस्पतालमा सञ्चालित नर्सिङ्ग कार्यक्रम, आस्पतालले सञ्चालन गरेको फार्मेशी र अस्पताललाई नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त विपन्न नागरिक आर्थिक सहायता कोष, स्वास्थ्य वीमा कार्यक्रम, विभिन्न परीयोजना तथा अक्षयकोष लगायतको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण तथा हिसाव प्रमाणित गरि प्रतिवेदन पेश गर्नु पर्नेछ।

२. उल्लेखित आर्थिक वर्षहरूको लेखापरीक्षण कार्य सम्पन्न गरी तोकिए बमोजिम पेश गरिएको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उठाईएको विषय, कैफियत तथा बेरूजुहरू उपर अस्पतालले उपलब्ध गराएको जवाफ, प्रमाण तथा आवश्यक कागजात पश्चात सोलाई समेत समावेश गरी वार्षिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

३. उल्लेखित आ.व.को २०८१ साल असार मसान्तको अस्पताल तर्फको, नर्सिङ्ग कार्यक्रम तर्फको साथै अस्पताल फार्मेशी तर्फको भौतिक परीक्षण गराई सोको प्रतिवेदन पेश गर्नु पर्नेछ।

४. अस्पतालको उल्लेखित बमोजिम आन्तरिक लेखापरीक्षण गर्दा निम्नको जाँच गरी गराई सोलाई अझ प्रभावकारी तथा पारदर्शी बनाउने सम्वन्धमा आवश्यक साय सुझाव पेश गर्नु पर्नेछः

४.१) अस्पतालले आय आर्जन कार्यमा गरेको आम्दानी तथा सोसँग सम्बन्धित खर्च सम्वन्धमा।

४.२) अस्पतालले खर्च गर्ने क्रममा अपनाएको खरिद प्रकृया, जिन्सी ब्यवस्थापन, मर्मत संभार प्रकृया लगायतको प्रभावकारीता साथै आवस्यकतानुसार गर्नु गराउनु पर्ने सुधार तथा परिमार्जन सम्वन्धमा।

४.३) नेपाल सरकारबाट प्राप्त अनुदान साथै अस्पतालले आन्तरिक श्रोतबाट प्राप्त गरेको आयलाई बृद्धि गर्ने सम्बन्धमा।

४.४) अस्पताल, अस्पतालले सञ्चालन गरेको नर्सिङ्ग कार्यक्रम तथा फार्मेशी अन्तर्गतको कर्मचारी ब्यवस्थापन सम्बन्धमा।

४.५) अस्पतालले हाल अपनाएको आय संकलन, जिन्सी ब्यवस्थापन, सर्मत संभार लगायतको बारेमा परीक्षण गरी आवस्यक राय सुझाव पेश गर्ने।

४.६) अस्पतालले सञ्चालन गरेको नर्सिङ्ग कार्यक्रमबाट भएको आम्दानी तथा सोसंग सम्बन्धित खर्च, खर्च गर्ने क्रममा अपनाएको खरिद प्रकृया, जिन्सी ब्यवस्थापन, मर्मत संभार प्रकृया तगायतको प्रभावकारीता साथै आवस्यकतानुसार गर्नु गराउनु पर्ने सुधार तथा परिमार्जन सम्वन्धमा।

४.७) आस्पतालले सञ्चालन गरेको फार्मेशीबाट भएको आम्दानी तथा सोसंग सम्बन्धित खर्च, औषधी खरिद/विक्रीको क्रममा अपनाएको खरिद/विक्री प्रकृया, जिन्सी ब्यवस्थापन लगातयतको प्रभावकारीता साथै आवस्यकतानुसार गर्नु गराउनु पर्ने सुधार तथा परिमार्जन सम्वन्धमा।

४.८) विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका मार्फत अस्पताललाई नेपाल सरकार स्वास्थ्य सेवा विभागबाट प्राप्त आर्थिक सहायता/निकासा र अस्पतालले सो निर्देशिका बमोजिम उपलब्ध गराएको सेवा सुविधा लगायतको प्रभावकारीता, ब्यवस्थापन साथै आवस्यकतानुसार गर्नु गराउनु पर्ने सुधार तथा परिमार्जन सम्वन्धमा।

४.९) अस्पतालमा सञ्चालित विभिन्न परियोजनाहरु लगायत अक्षयकोष संग सम्बन्धित विषय सम्बन्धमा।

४.१०) अस्पतालमा भए गरेका आर्थिक गतिविधिहरूको सम्बन्धमा लेखापरीक्षणको क्रममा देखिएका उल्लेखित बाहेकका अन्य विषयहरूको सम्बन्धमा।

५. उल्लेखित आर्थिक वर्षहरूको अस्पतालले तयार गरेको श्रेष्ता बमोजिम सम्भव भएसम्म कर्पोरेट लेखा प्रणाली (Corporate Accounting System) अनुसारको आर्थिक विवरणहरू तयार गर्नु पर्नेछ।

६. अस्पतालको महालेखा परीक्षकको कार्यालयबाट गरिने अन्तिम लेखापरीक्षण कार्यमा आवश्यक सहयोग गर्ने साथै अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका विषय, कैफियत तथा बेरूजुहरूको फछर्यौट तथा आगामी दिनमा पुनः यसप्रकारको विषय, बेरूजु तथा कैफियतहरू नआउने गरि श्रेष्ता राख्ने ब्यवस्थाको लागि राय सुझाव समेत पेश गर्नु पर्नेछ।

७. अस्पताललाई आन्तरिक लेखापरीक्षणको कार्य बाहेक अन्य थप चार्टर्ड एकाउण्टेण्ट सेवाको आवश्यकता महशुस भएमा आवश्यकता अनुसारको सेवा उपलब्ध गराउनु पर्नेछ।

८. आन्तरिक लेखापरीक्षण सम्वन्धमा यस अस्पताललाई लागु हुने अन्य कानूनी प्रावधान र नेपाल लेखामान तथा लेखापरीक्षणमान (Nepal Standards on Accounting & Auditing) को आकर्षण हुने हदसम्मको पालना गर्नु गरिनु पर्नेछ।

९. हाल अस्पतालले अवलम्बन गर्दै आएको लेखा प्रणालीलाई ब्यवसायीक लेखा प्रणाली (Corporate Accounting System) मा परिवर्तन तथा परिमार्जन गर्न आवश्यक भएकोले उक्त कार्य गर्न गर्नुपर्ने आवश्यक कार्यविधि तथा तयारीहरूको बारेमा आवस्यक सहयोग तथा राय सुझाव पेश गर्नु पर्नेछ।

१०. उल्लेखित आर्थिक वर्षहरूको लेखापरीक्षण प्रतिवेदन कार्य सम्पन्न पश्चात तुरून्त पेश गर्नु पर्नेछ तथा वार्षिक लेखापरीक्षण प्रतिवेदन २०८१ साल कार्तिक मसान्त भित्र पेश गरिसक्नु पर्नेछ।